# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
७ नं. प्रदेश, अत्तरिया, कैलाली

## नगर प्रहरीको पदपुर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/०५/२६ गते**

यस नगरपालिका नगरकार्यपालिकाको कार्यालय अत्तरिया, कैलालीका लागि देहाय बमोजिमका नगर प्रहरी सेवा तर्फका कर्मचारीहरु करारबाट व्यवस्था गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र राजश्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. नगर प्रहरी**

**क) विज्ञापन नं.** : १/२०७५/०७६
**ख) पद** : नगर प्रहरी (महिला)
ग) तह : श्रेणी विहिन
**घ) आवश्यक संख्या** : २ (महिला)
**ङ) परिक्षाको किसिम** : अर्न्तवार्ता
**च) तलब सुबिधा** : प्रचलित कानून बमोजिम हुनेछ
**छ) परिक्षा केन्द्र** : नगरपालिकाको कार्यालय अत्तरिया, कैलाली
**ज) परिक्षा दस्तुर** : रु. ४,००/- (रु. चार सय)
**झ) दरखास्त दिने स्थान** : गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ।
**ञ) दरखास्त दिने अन्तिम मिति** : सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र
**ट) अर्न्तवार्ता हुने मिति** : दरखास्त बुझाउने अन्तिम मितिको भोली पल्ट प्रकाशन गरिनेछ ।
**ठ) आवश्यक न्यूनतम योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ वा सो सरह उत्तिर्ण ।

**द्रष्टव्य :**

१. दरखास्त साथ शैक्षिक योग्यताको प्रमाण पत्रहरु (हालसालै गरेको प्रारम्भीक स्वास्थ्य परिक्षण गराएको प्रमाणपत्र, लब्धांक पत्रको प्रतिलिपि, चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, नेपाली नगरिकताको प्रमाण-पत्र समेतको प्रतिलिपि एव्म दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नुपर्नेछ ।, अनुभवको प्रमाण-पत्रको प्रतिलिपि ।, प्रमाण-पत्रका प्रतिलिपिमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठिक छ भनी दस्तखत गरी प्रमाणित गरेको हुनुपर्नेछ ।, विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेको हकमा समकक्षताको प्रमाण-पत्र समेत पेश गर्नुपर्नेछ ।)
२. दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
३. तोकिएको म्याद भित्र दाखिला नभएकोमा वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्विकृत गरिनेछैन ।
४. प्रचलित कानून बमोजिम अयोग्य नभएको ।
५. भविष्यमा सरकारी सेवाबाट अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त नभएको ।

**प्रमुख प्रशासकिय अधिकृत**